Regd. No. 926/061/062

# राधी विद्युत कम्पनी लिमिटेड
# RADHI BIDYUT COMPANY LIMITED

Ref. No - 124/081/82

मिति : फाल्गुन १६, २०८१

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

**विषय : विशेष साधारण सभा सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको मिति फाल्गुन १६, २०८१ गते शुक्रबार दिउँसोको १:०० बजे बसेको संचालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको विशेष साधारण सभा मिति चैत्र ०३, २०८१ (मार्च १६, २०२५) गते आइतबार बिहानको ८:०० बजे हुने निर्णय भएको जानकारी गराउँदछौं । साथै उक्त साधारण सभामा पेश गरिने प्रस्तावहरु निम्न बमोजिम रहेका छन् ।

**क) विशेष प्रस्तावहरु**

१. हकप्रद शेयर निष्कासन पश्चात् कायम हुने चुक्ता पूँजी बराबर हुने गरी जारी पूँजी संशोधन सहित कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने ।

२. नियमक निकायहरुको निर्देशन अनुसार कम्पनीको प्रबन्धपत्र तथा नियमावलीका प्रस्तावित संशोधनहरुमा परिमार्जन तथा थपघट गर्न आवश्यक भएमा सो गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ख) साधारण प्रस्तावहरु**

१. कम्पनीको नियमावली बमोजिम २ जना संचालकहरुको नियुक्ति गर्ने ।

२. स्वतन्त्र संचालकको नियुक्ति अनुमोदन गर्ने ।

**ग) विविध**

साथै उक्त विशेष साधारण सभा प्रयोजनको लागी कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिला खारेजीको कार्य मिति फाल्गुन २५, २०८१ गते एक दिनको लागि बन्द रहने छ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन मिति फाल्गुन २४, २०८१ सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा कारोवार भई सात (७) कार्य दिन भित्र दाखिल खारेजको लागी प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरु विशेष साधारण सभामा भाग लिनको लागि योग्य हुनेछन् ।

भवदीय,

रमेश नाथ योगी
परिपालन अधिकृत

राधी विद्युत कम्पनी लिमिटेड ESTD. 2062 RADHI BIDYUT COMPANY LIMITED

**बोधार्थ**

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिंहदरवार, काठमाण्डौ ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
श्री विद्युत नियमन आयोग, साना गौचरण, काठमाण्डौं ।

P.O. Box: 4995, Blue Star Complex, Tripureshwor, Kathmandu, Nepal
Tel: 01-4232748, 01-4232749, 4232750, Email: info@radhibidyut.com.np, Web: radhibidyut.com.np